रा.प-अन. द्वितीय श्रेणी

खरिदार वा सो सरह

पूर्णाङ्क - १००

समय - २ घण्टा ३० मिनेट (१५० मिनेट)

समय व्यवस्थापन

* प्रत्येक ५ अङ्कको प्रश्नलाई - ६/७ मिनेट
* प्रत्येक १० अङ्कको प्रश्नलाई - बढीमा १५ मिनेट
* रिभिजन - ५ मिनेट
* निष्कर्ष छोटो र जहिले पनि positive लेख्ने
* प्रश्नमा परिभाषा नसोधेको भए परिभाषा छोटो (एक लाइन मात्र) लेख्ने
* निष्कर्ष अनिवार्य लेख्ने तथा छोटो/मिठो लेख्ने
* प्रश्नको मर्म अनुसारको उत्तर लेख्ने
* प्रश्नले माग भन्दा लामो उत्तर नलेख्ने
* सबै प्रश्नहरू अनिवार्य रुपमा लेख्ने (छोटो भएपनि)

लोक सेवा आयोग

अप्राविधिकतर्फका नेपाल न्याय, प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८१/३/१५

समय: २ घण्टा ३० मिनेट | पूर्णाङ्क: १००

पत्र: तृतीय

विषय: कार्य ज्ञान सम्बन्धी (Job Knowledge Related)

तलका प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

खण्ड: क — ३५ अंक

१. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन बमोजिम व्यक्तिगत घटना दर्ता भन्नाले कुन कुन घटनालाई बुझाउँछ? यी घटना दर्ता गर्ने र यसको नियमन गर्ने कार्यमा संलग्न प्रमुख निकायहरू कुन कुन रहेका छन्? उल्लेख गर्नुहोस्। २+३=५

२. कस्तो अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिन्छ? उल्लेख गर्नुहोस्। ५

३. निजामती सेवालाई समावेशी बनाउन निजामती सेवा ऐन, २०४९ मा के कस्तो व्यवस्था गरिएको छ? उल्लेख गर्नुहोस्। ५

४. विद्युतीय शासन (E-governance) कस्तो शासन प्रणाली हो? यसका सकारात्मक र नकारात्मक पक्षहरू उदाहरणसहित उल्लेख गर्नुहोस्। ४+३+३=१०

५. सार्वजनिक सेवा प्रवाह (Public Service Delivery) गर्ने माध्यममाथि प्रकाश पार्दै सार्वजनिक सेवा प्रवाहका सन्दर्भमा सार्वजनिक वडापत्र (Public Charter) को महत्त्व उल्लेख गर्नुहोस्। ५+५=१०

खण्ड: ख — ३५ अंक

६. कार्यालयमा मालसामान लिलाम किन गरिन्छ? जिन्सी मालसामान लिलाम गर्दा अपनाउनुपर्ने प्रक्रिया उल्लेख गर्नुहोस्। २+३=५

७. गोश्वारा भौचरको नमूना तयार पारी प्रविष्टि (Entry) गर्ने विधि लेख्नुहोस्। २+३=५

८. खाता सूची (Chart of Accounts) भन्नाले के बुझिन्छ? यस्तो खाता सूची किन तयार गरिन्छ? प्रष्ट पार्नुहोस्। १.५+३.५=५

९. सार्वजनिक खरिद व्यवस्थापनको उद्देश्य प्रस्तुत गर्दै सार्वजनिक खरिद ऐनमा तोकिएका खरिद विधिहरू उल्लेख गर्नुहोस्। ४+६=१०

१०. लेखापरीक्षणका प्रकारहरू उल्लेख गर्दै लेखापरीक्षण ऐन, २०७५ ले विनियोजन लेखाको लेखापरीक्षण गर्दा कुन कुन विषयको लेखापरीक्षण गर्ने व्यवस्था गरेको छ? स्पष्ट पार्नुहोस्। ४+६=१०

खण्ड: ग — ३० अंक

११. नि:शुल्क कानूनी सहायता कस्ता व्यक्तिलाई दिइने व्यवस्था रहेको छ? नेपालमा यो सेवा कुन कुन निकायबाट कसरी उपलब्ध हुन्छ? लेख्नुहोस्। २+३=५

१२. दरपीठ भन्नाले के बुझिन्छ? के कस्तो अवस्थामा दरपीठ गरिन्छ? उल्लेख गर्नुहोस्। २+३=५

१३. सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र भन्नाले के बुझिन्छ? सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रको बारेमा लेख्नुहोस्। ३+७=१०

१४. जाहेरी दरखास्तको परिचय दिँदै जाहेरी दरखास्त सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा त्यसको उपचार कसरी पाउन सकिन्छ? स्पष्ट पार्नुहोस्। ३+७=१०

<<समाप्त>>

पत्र :- तृतीय

मिति :- २०७९।०३।१५

खण्ड 'क'

प्रश्न नं. १ को उत्तर

<u>व्यक्तिगत घटना दर्ता</u>

व्यक्तिको जन्म, मृत्यु, बसाइँसराइ, बिबाह, सम्बन्ध विच्छेद जस्ता निजी घटनाहरू स्थानिय पञ्जिकाधिकारी कहाँ गई दर्ता गर्ने र सो को प्रमाणपत्र लिने कार्य नै व्यक्तिगत घटना दर्ता हो।

→ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ बमोजिम व्यक्तिगत घटना दर्ता भन्नाले देहायका घटनालाई बुझाउँछ।

* जन्म
* मृत्यु
* बसाइँसराइ
* विवाह
* सम्बन्ध विच्छेद आदि

यी घटनाहरू दर्ता गर्ने प्रमुख निकायहरू निम्नानुसार उल्लेख गरिएको छ।

लोकसेवा साथी

*स्थानीय तह (गाउँपालिका / नगरपालिका) :- जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेद जस्ता घटनाहरू दर्ता गर्ने मुख्य निकाय।

*जिल्ला प्रशासन कार्यालय :- दर्ता कार्यको अनुगमन तथा सहयोग गर्ने निकाय।

यसलाई नियमन गर्ने प्रमुख निकाय देहाय बमोजिम उल्लेख गरिएको छ।

*गृह मन्त्रालय :- नीति, नियम तथा नियमन गर्ने केन्द्रिय निकाय।

*राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग :- कार्यान्वयन तथा अभिलेख व्यवस्थापन

अन्त्यमा,

व्यक्तिगत घटना दर्ता गर्ने निकाय स्थानीय तह हो भने त्यसको नियमन गर्ने गृह मन्त्रालय र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग हो।

लोकसेवा साथी

प्रश्न नं. २ को उत्तर

निजामती सेवा ऐन, २०४९ को दफा ६१ बमोजिम देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने छ।

(क) निजामती कर्मचारीले अयोग्यताको कारणले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा

(ख) आचरण सम्बन्धी कुरा बराबर उल्लंघन गरेमा

(ग) कार्यालयको समयमा बराबर मादक पदार्थको सेवन गरेमा

(घ) बराबर अनुशासनहीन काम गरेमा

(ङ) राजनीतिमा भाग लिएमा

(च) आफ्नो पदको जिम्मेवारी बराबर बेवास्ता गरेमा

(छ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा

लोकसेवा साथी

(ज) मनासिब कारण भई बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो अध्ययन, तालिम, वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिन भित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा ।

अन्त्यमा,

माथि उल्लेखित कुनै अवस्थामा निजामती कर्मचारीलाई विभागीय सजाय अन्तर्गत भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने व्यवस्था ऐनले गरेको छ ।

लोकसेवा साथी

प्रश्न नं-२ को उत्तर

निजामती सेवालाई समावेशी बनाउन निजामती सेवा ऐन, २०४९ मा देहाय बमोजिमका व्यवस्थाहरू गरेको छ।

- निजामती सेवामा खुला प्रतिस्पर्धामार्फत प्रवेश हुने भए तापनि कुल विज्ञापन हुने पदसंख्याको ४५% समावेशी समूहका लागि आरक्षित गरिने व्यवस्था छ।
- यो ४५% आरक्षणलाई शतप्रतिशत मानि महिला-३३%, आदिवासी/जनजाति -२७%, मधेशी-२२%, दलित-९%, अपांगता भएका व्यक्ति-५% र पिछडिएको क्षेत्र-४% गरी विभाजन गरिएको छ।
- उम्मेदवारले आफ्नो चाहाना अनुसार खुला प्रतिस्पर्धा र समावेशी आरक्षण दुवैमा आवेदन दिन सक्ने व्यवस्था छ।
- केवल भर्ना मात्र नभई पदोन्नतिमा समेत समावेशीताको व्यवस्था गरेको छ।

लोकसेवा साथी

* राज्यको सबै अंगमा सबै जाति, वर्ग लिङ्ग, क्षेत्र र समुदायको समान सहभागिता सुनिश्चित गर्ने संवैधानिक व्यवस्थालाई आधार मानेर ऐनमा प्रावधान गरिएको छ।

अन्त्यमा,

निजामती सेवा ऐन २०४९ ले समावेशी आरक्षणको व्यवस्था गरी महिला, दलित, आदिवासी-जनजाति, मधेसी, अपांगता भएका व्यक्ति र पछाडि परेका क्षेत्रका व्यक्तिहरूलाई सेवामा प्रवेशको अवसर प्रदान गरेर निजामती सेवामा समावेशीकरणको आधार तयार गरेको छ।

लोकसेवा साथी

प्रश्न नं. ४ को उत्तर

विद्युतीय शासन (E-governance)

विद्युतीय साधनहरू वा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शासकीय अभ्यास गर्नु नै विद्युतीय शासन हो।

* सार्वजनिक सेवालाई सरल, सहज, पारदर्शी, मितव्ययी र छिटोछरितो बनाउन विद्युतीय स्रोत साधनहरूको अधिकतम प्रयोग गरी गरिने शासन प्रणाली नै विद्युतीय शासन (E-governance) हो।

* वैज्ञानिक खोज एवम् नविन प्रविधिहरूको विकाससँगै सार्वजनिक सरोकारका नीति, कानून, कार्यविधि, सूचना आदि सार्वजनिक गरी शासन र सेवा प्रवाहलाई पारदर्शी, अनुमानयोग्य, जवाफदेही र सहभागितामूलक बनाउने नविन शासन प्रणालीको रूपमा विद्युतीय शासन (E-governance) लाई लिइन्छ।

विद्युतीय शासन (E-Governance) को सकारात्मक पक्ष

- नागरिकले घरमै बसेर इन्टरनेट वा मोबाइलमार्फत सेवा प्राप्त गर्न सक्छन्।
- कागजी झन्झट घट्छ, जसले समय र श्रमको बचत गर्दछ।
- दिगो विकासको लक्ष्य प्राप्तिमा जोड दिन्छ।
- सेवालाई परम्परागत शैलीबाट आधुनिक र वैज्ञानिक तुल्याउन मद्दत गर्छ।
- सूचना र प्रविधिको सही प्रयोगले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुर्‍याउन मद्दत गर्छ।
- राजस्व चुहावटलाई कम गर्दछ।
- सेवाहरू छिटो, छरितो, सरल र पारदर्शी रूपमा प्रदान गर्न भूमिका खेल्दछ।

लोकसेवा साथी

विद्युतीय शासन (E-Governance) को नकारात्मक पक्ष

- प्रविधिको पहुँच नपाएका नागरिक सेवा प्राप्त गर्नबाट वञ्चित हुन्छन्।
- साइबर सुरक्षाको खतरा हुन सक्छ।
- प्राविधिक समस्या हुँदा सेवा अवरुद्ध हुन्छ।
- प्रारम्भिक संरचना र तालिममा बढी खर्च लाग्छ।
- कागजी काम कम हुँदा धेरै कर्मचारीहरू को रोजगारीमा असर पुग्छ।
- धेरै नागरिक तथा सरकारी कर्मचारीलाई प्रविधि प्रयोग गर्ने क्षमता नहुन सक्छ।

अन्त्यमा,

विद्युतीय शासनले सरकारी सेवामा छिटो छरितो, पारदर्शी, उत्तरदायी र सहज पहुँच दिलाउने हुँदा यसको नकारात्मक पक्षलाई न्यून गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गर्न जरुरी देखिन्छ।

लोकसेवा साथी

प्रश्न नं. ५ को उत्तर

सार्वजनिक सेवा प्रवाह गर्ने माध्यम

राज्यद्धारा नागरिकको हित, उन्नति, प्रगति, तथा समृद्धिका लागि प्रदान गरिने कुनै पनि सेवा सुविधालाई व्यवस्थित, प्रभावकारी, वैज्ञानिक एवम् कानून सम्मत तरिकाले नागरिक समक्ष पुऱ्याउने कार्य नै सार्वजनिक सेवा प्रवाह हो।

५ सार्वजनिक सेवा प्रवाह गर्ने माध्यमहरू लाई देहाय बमोजिम उल्लेख गरिएको छ।

- सरकारी माध्यम

(क) केन्द्रिय स्तरमा :- मन्त्रालय, सचिवालय, विभाग, आयोग

(ख) प्रदेश स्तरमा :- प्रदेश मन्त्रालय, निर्देशनालय

(ग) जिल्ला स्तरमा :- जिल्ला स्तरका सबै कार्यालयहरू

(घ) स्थानीय स्तरमा :- स्थानीय तह

लोकसेवा सारथी

- निजी माध्यम

↳ निजी क्षेत्रमा स्थापित विभिन्न संघ, संस्था तथा व्यापारिक एवम् औद्योगिक प्रतिष्ठानहरू

- गैरसरकारी माध्यम

↳ गैरसरकारी स्तरमा स्थापित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू

- नागरिक समाज

↳ सार्वजनिक हित तथा सरोकारका लागि स्थापित नागरिक समुहरू

- सरकारी निजी साझेदारी माध्यम

↳ सरकारी र निजी क्षेत्रको सहकार्यमा क्रियाशील हुने सेवा प्रदायकहरू आदि

माथि उल्लेखित माध्यम लगायत अन्य विभिन्न माध्यमहरूबाट समेत सार्वजनिक सेवा प्रवाह गर्ने गरिन्छ।

लोकसेवा साथी

सार्वजनिक सेवा प्रवाहका सन्दर्भमा सार्वजनिक वडापत्र (public charter) को महत्वहरू निम्नानुसार उल्लेख गरिएको छ।

- प्रशासनलाई उत्तरदायी र नागरिकमैत्री बनाउन
- सेवा प्रवाहमा गुणस्तरियता ल्याउन तथा निष्पक्षता कायम गर्न
- अनियमितता र भ्रष्टाचार न्यूनिकरणमा जोड दिन
- सेवाप्रदायक र सेवाग्राहीबीच सुमधुर सम्बन्ध कायम गर्न
- कानूनको शासनलाई प्रत्याभुति दिलाउन
- कर्मचारीको काम, कर्तव्य र अधिकारलाई स्पष्ट पार्न
- नागरिकहरूको सुसुचित हुने हक अधिकारलाई सुनिश्चित गर्न।

अन्त्यमा,

राज्यले नागरिकलाई उपलब्ध गराउने सेवामा विश्वसनियता कायम गर्न समेत

लोकसेवा साथी

सार्वजनिक बडापत्रको महत्व रहेको हुन्छ।

लोकसेवा साथी

खण्ड 'ख'

प्रश्न नं. ६ को उत्तर

कार्यालयमा मालसामान लिलाम गरिनुका कारणहरू :-

कुनै संघ संस्था, कार्यालय वा व्यक्तिले आफ्नो अनावश्यक, पुराना वा अतिरिक्त सम्पत्ति, सामग्री वा साधनहरू बिक्री गर्न अवलम्बन गरिने प्रक्रिया नै लिलाम हो।

कार्यालयमा मालसामान लिलाम गरिनुका कारणहरू देहाय बमोजिम उल्लेख गरिएको छ।

- कार्यालय थुप्रिएर रहेका अनावश्यक तथा पुराना मालसामानहरूको उपयुक्त ढङ्गले व्यवस्थापन गर्न
- मालसामानको लिलाम गरी राजस्व संकलन गर्न
- कार्यालयमा अनावश्यक मालसामानहरूको भार कम गर्न

→ कार्यालयमा भएका मालसामानहरूको बिक्री गर्दा कानूनी प्रक्रियाको अवलम्बन हुने हुँदा पारदर्शीता कायम भई अनियमितता हुनबाट बचाउन आदि।

<u>जिन्सी मालसामान लिलाम गर्दा अपनाउनु पर्ने प्रक्रिया :-</u>

जिन्सी मालसामानको लिलाम गर्दा अपनाउनु पर्ने प्रक्रियाहरू देहाय बमोजिम उल्लेख गरिएको छ।

→ लिलाम राखिने सामानहरूको सम्पूर्ण विवरण सहितको सूची तयार गर्ने

→ सामानको मूल्याङ्कन (Valuation) गर्ने

→ लिलामको मिति, स्थान, सामानको विवरण आदि समेत खुलाई सूचना प्रकाशित गर्ने

→ इच्छुक व्यक्तिहरूको बोलपत्र (Bid) प्राप्त गर्ने

→ बोलपत्र खोल्ने र सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने व्यक्ति चयन गर्ने

> भुक्तानीपछि मालसामान हस्तान्तरण गर्ने
> सम्पूर्ण प्रक्रिया प्रचलित कानून बमोजिम दर्ता गरेर अभिलेख राख्ने
> पारदर्शिता र नियम पालना सुनिश्चित गर्ने

अन्त्यमा,

मालसामानको लिलाम गर्दा कार्यालयमा थुप्रिएर रहेका र प्रयोग विहिन भएका सामग्रीहरु कानून बमोजिम पारदर्शी ढङ्गबाट व्यवस्थित हुने हुँदा सम्पूर्ण प्रक्रिया पुराएर मात्र लिलाम गर्नुपर्दछ।

प्रश्न नं. ८ को उत्तर

गोश्वारा भौचर

आर्थिक कारोबारको पहिचान भएपछि राखिने प्रारम्भिक अभिलेख नै गोश्वारा भौचर हो। यो राजश्व, विनियोजन, विविध खर्च आदि सबैको कारोबार हुँदा प्रयोग हुने प्रारम्भिक अभिलेख हो।

लोकसेवा खोजी

गोश्वारा भौचरको नमूना

नमूना बनाऔं
लोकसेवा

गोरखारा भौचर प्रविष्टि गर्ने विधि

गोरखारा भौचर प्रविष्टि गर्ने विधि देहाय बमोजिम उल्लेख गरिएको छ ।

- मिति :- कारोबार भएको मिति राख्नुपर्ने
- भौचर नम्बर :- सिलसिलेवार रुपमा आउने गोरखारा भौचरको क्रमिक सङ्ख्या राख्ने
- खर्च शिर्षक नम्बर :- संकेत नम्बर वा उपशिर्षक नम्बरमा खाता सूची अनुसारको आम्दानी वा खर्च शिर्षक नम्बर लेख्नुपर्ने
- कारोबारको व्यहोरा :- डेबिट वा क्रेडिट पक्षको नाम र कारोबारको छोटकरी विवरण उल्लेख गर्ने
- डेबिट/क्रेडिट :- डेबिट रकम डेबिट महलमा र क्रेडिट रकम क्रेडिट महलमा उल्लेख गर्नुपर्ने
- प्रमाणित :- तल्लो खण्डमा कारोबारको व्यहोराको साथै तयार गर्ने, पेश

लोकसेवा साथी

गोश्वारा भौचर प्रविष्टि गर्ने विधि

गोश्वारा भौचर प्रविष्टि गर्ने विधि देहाय बमोजिम उल्लेख गरिएको छ।

- मिति :- कारोबार भएको मिति राख्नुपर्ने
- भौचर नम्बर :- सिलसिलेवार रूपमा आउने गोश्वारा भौचरको क्रमिक सङ्ख्या राख्ने
- खर्च शिर्षक नम्बर :- संकेत नम्बर वा उपशिर्षक नम्बरमा खाता सूची अनुसारको आम्दानी वा खर्च शिर्षक नम्बर लेख्नुपर्ने
- कारोबारको ब्यहोरा :- डेबिट वा क्रेडिट पक्षको नाम र कारोबारको छोटकरी विवरण उल्लेख गर्ने
- डेबिट । क्रेडिट :- डेबिट रकम डेबिट महलमा र क्रेडिट रकम क्रेडिट महलमा उल्लेख गर्नुपर्ने
- प्रमाणित :- तल्लो खण्डमा कारोबारको ब्यहोराको साथै तयार गर्ने, पेश

लोकसेवा साथी

गर्ने र स्वीकृत गर्नेको नाम, दर्जा र मिति समेत उल्लेख गरी हस्ताक्षर गराउनु पर्ने ।

अन्त्यमा,

गोस्वारा भौचरले आर्थिक कारोबारमा पारदर्शिता कायम गर्नुका साथै आर्थिक कारोबारको व्यवस्थित अभिलेख तयार गर्न र प्रतिवेदन गर्न समेत मद्दत गर्ने भएकाले यसको प्रविष्टि गर्दा विशेष ख्याल गर्नुपर्दछ ।

प्रश्न नं. ८ को उत्तर

खाता सूची (Chart of Accounts)

आर्थिक विवरणहरूको अभिलेखलाई सरल र सहज बनाउन तयार गरिएका सम्पूर्ण वित्तिय खाताहरूको अनुक्रमणिका नै खाता सूची हो ।

→ यसले राजस्व, व्यय, सम्पत्ति र दायित्व लगायतका आर्थिक कारोबारलाई संगठित गर्न सहयोग गर्दछ ।

लोकसेवा साथी

- खातासूचीमा खाताहरू खाता नम्बर र क्याप्सन वा हेडरद्वारा परिभाषित हुन्छन् र खाता प्रकारद्वारा कोड हुन्छन्
- नेपालमा राजस्व, खर्च र लगानीको लागि पाँचवटा अङ्क (XXXXX) को प्रयोग गरेर खाता सूची तयार गरिएको छ।

खाता सूची किन तयार गरिन्छ?

खाता सूची तयार गर्नुपर्ने कारणहरूलाई देहाय बमोजिम स्पष्ट पारिएको छ।

- व्यवस्थित एवम् प्रभावकारी रूपमा आर्थिक कारोबार गर्न
- आर्थिक अनुशासन तथा वित्तीय सुशासन लाई प्रवर्द्धन गर्न
- लेखा प्रणालीमा एकरूपता कायम गर्न
- लेखापरीक्षण गर्दा सहजता ल्याउन
- कुन क्षेत्रमा धेरै खर्च वा आम्दानी भएको छ भन्ने कुरा सजिलै पत्ता

लोकसेवा साथी

लगाउन

→ आर्थिक कारोबारको लेखा राख्दा हुने त्रुटीहरु कम गर्न

→ भविष्यको खर्च, आम्दानी र लगानी योजना बनाउदा सहजता प्रदान गर्न

आदि

अन्त्यमा,

खाता सूचीको प्रयोगले आर्थिक कारोबार मा हुने अनियमिततालाई रोक्नुका साथै भ्रष्टाचार न्यूनीकरणमा समेत योगदान पुर्याउछ।

P.T.O

लोकसेवा साथी

प्रश्न नं. ९ को उत्तर

सार्वजनिक खरिद व्यवस्थापनको उद्देश्य

सार्वजनिक खरिदको कार्यलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन गरिने सम्पूर्ण कार्यहरूको समष्टिगत रूप नै सार्वजनिक खरिद व्यवस्थापन हो।

सार्वजनिक खरिद व्यवस्थापनको उद्देश्यहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ।

- सार्वजनिक खरिदको कार्यलाई पारदर्शी र विश्वसनिय तुल्याउन
- तोकिएको समयसीमा भित्र खरिदको कार्य सम्पन्न गर्न
- उपयुक्त लागतमा खरिद गरी मितव्ययीता कायम गर्न
- निर्धारित गुणस्तर कायम गरी आवश्यक तथा उपयुक्त परिमाणमा खरिद गर्न
- सार्वजनिक खरिदको कार्यमा नागरिक विश्वास अभिवृद्धि गर्न

लोकसेवा साथी

- सार्वजनिक खरिदमा एकरूपता कायम गर्न
- सार्वजनिक खरिदको कार्यमा हुन सक्ने अनियमितता तथा भ्रष्टाचारको नियन्त्रण गर्न
- निजी क्षेत्रलाई अनुशासित तुल्याउन
- सार्वजनिक खरिदमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउन आदि।

सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक खरिदका विधिहरू (दफा-८)

सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम व्यवस्था गरिएको सार्वजनिक खरिदका विधिहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ।

(क) **मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा :-**

- अन्तर्राष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान
- राष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान
- शिलबन्दी दरभाउपत्र आह्वान
- सोझै खरिद गर्ने

लोकसेवा साथी

- उपभोक्ता समिति वा लाभग्राहीलाई सहभागी गराउने
- अमानतबाट खरिद गर्ने
- नयाँ लिने पुरानो दिने खरिद विधि
- सिमित बोलपत्रदातालाई सहभागी गराउने

(ख) परामर्श सेवा खरिद गर्दा :-

- प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी
- सोझै वार्ताबाट

अन्त्यमा

सार्वजनिक खरिदको कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा उल्लेख भए बमोजिमका खरिद विधिहरू प्रयोग गरेर खरिद गर्नुपर्दछ।

लोकसेवा साथी

प्रश्न नं. १० को उत्तर:

लेखापरीक्षणका प्रकारहरू

आर्थिक कारोबारसँग सम्बन्धित लेखाको स्वतन्त्र निष्पक्ष एवम् उद्देश्यमुलक रुपमा गरिने परिक्षण, चेकजाँच र सो को मूल्याङ्कन तथा विश्लेषण र प्रतिवेदन गर्ने कार्य नै लेखापरीक्षण हो।

- यो आन्तरिक लेखा परीक्षण र अन्तिम लेखापरीक्षण गरी दुई प्रकारको हुन्छ।

* आन्तरिक लेखापरीक्षण

- संगठन भित्रकै लेखापरीक्षण इकाइद्वारा आवधिक रुपमा वा अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी गरिने लेखापरीक्षण नै आन्तरिक लेखापरीक्षण हो।
- यो लेखामा रहेका भुल वा त्रुटी पत्ता लगाई व्यवस्थापकलाई सुधारको सुझाव दिन व्यवस्थापन अन्तर्गत कै लेखा परीक्षकले गर्ने परीक्षण हो।

लोकसेवा साथी

* अन्तिम लेखापरीक्षण

- सबै सरकारी कार्यालय वा सार्वजनिक संस्थानले एक आर्थिक वर्ष वा निश्चित समयावधि भित्र गरेको आर्थिक कारोबार सम्बन्धी लेखाको कानून बमोजिम लेखापरीक्षण गर्ने जिम्मेवारी तोकिएको स्वतन्त्र निकायद्वारा गरिने परीक्षणलाई अन्तिम लेखापरीक्षण भनिन्छ।
- यो लेखामा भएका जालसाझी पत्ता लगाई कारबाहीको लागि सिफारिस गर्ने स्वतन्त्र संवैधानिक निकायबाट गरिने लेखापरीक्षण हो।
- सामान्यतया यस्तो निकायद्वारा गरिएको लेखापरीक्षणको पुन: अर्को लेखापरीक्षण नहुने हुँदा यसलाई अन्तिम लेखापरीक्षण भनिएको हो।

लोकसेवा साथी

लेखापरीक्षण ऐन, २०७५ अनुसार लेखापरीक्षण गरिने विषय

लेखापरीक्षण ऐन २०७५ को दफा ८ बमोजिम विनियोजन लेखाको लेखापरीक्षण गर्दा महालेखा परीक्षकले कार्यदक्षता, मितव्ययीता, नियमितता, प्रभावकारिता र औचित्यता समेतका आधारमा देहाय बमोजिमका विषयको लेखापरीक्षण गर्नु पर्नेछ।

- विनियोजित रकम तोकिए बमोजिमको शिर्षक तथा उपशिर्षकका सीमामा रही निर्देस्त प्रयोजनका लागि खर्च भए नभएको
- कारोबारको लेखा तोकिए बमोजिमको ढाँचा अनुरुप राखे नराखेको र समयमै प्रतिवेदन गरे नगरेको
- सम्बन्धित सरकारी निकायले समयमा बजेट निकासा गरे नगरेको
- आम्दानी वा खर्च भएका कलमहरूको पुष्टयाई हुने एथेष्ट प्रमाण भए नभएको

लोकसेवा साथी

- लेखा वा प्रतिवेदन बमोजिम भौतिक प्रगति भए नभएको
- सिर्जना भएको दायित्व समयमा भुक्तानी भए नभएको
- उपलब्ध स्रोत साधन र सम्पत्तिको उचित रूपमा उपयोग भए नभएको
- सरकारी सम्पत्तिको प्रचलित कानून बमोजिम अभिलेख राखे नराखेको
- सरकारी सम्पत्तिको हानि नोक्सानी नहुने गरी उचित संरक्षण तथा मर्मत सम्भार गरे नगरेको
- खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी प्रयाप्त कानूनी व्यवस्था भए नभएको
- आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्था भए नभएको
- आन्तरिक लेखापरीक्षण सन्तोषजनक रूपमा भए नभएको
- राजस्व तथा सरकारी कोषमा जम्मा गर्नुपर्ने रकम कानून बमोजिम असुली

लोकसेवा साथी

र दाखिला गरे नगरेको

- लक्ष्य प्राप्ति तथा खर्चको अभिलेख राख्ने व्यवस्था पर्याप्त र भरपर्दो भए नभएको
- वित्तीय कारोबार र प्रतिवेदनलाई सूचना प्रविधिमा आधारित बनाउन प्रयास गरे नगरेको
- सोध भर्ना लिने कार्य समयमा गरे नगरेको
- बेरुजु लगत र फछ्र्यौटको अभिलेख अद्यावधिक गरे नगरेको
- आम्दानी वा खर्च गर्न अधिकार प्राप्त अधिकारीबाट स्वीकृति भए नभएको
- धरौटी सम्बन्धी प्रचलित कानूनको पालना गरे नगरेको

अन्त्यमा

लेखापरीक्षण ऐन, २०७५ बमोजिम विनियोजन लेखाको लेखापरीक्षण गर्दा माथि उल्लेखित विषयको लेखापरीक्षण गर्ने व्यवस्था गरेको छ।

लोकसेवा साथी

खण्ड 'ग'

प्रश्न नं. ११ को उत्तर

निशुल्क कानूनी सहायता प्राप्त गर्ने व्यक्ति

न्यायमा सबैको पहुँच स्थापित गर्न कानूनी अधिकार ज्ञान भएका असमर्थ पक्षलाई कुनै पनि शुल्क नलिई गरिने कानूनी सहायतालाई निशुल्क कानूनी सहायता भनिन्छ।

देहायका व्यक्तिहरूलाई राज्यले निशुल्क कानूनी सहायता प्रदान गर्दै आएको छ।

- आर्थिक रूपमा कमजोर व्यक्ति
- महिला र बालबालिका
- जेष्ठ नागरिक
- आदिवासी जनजाति, दलित र पिछडिएका समुदायहरू
- मानव अधिकारको उल्लंघनमा परेको व्यक्ति र घरेलु हिंसामा परेको व्यक्ति
- अपाङ्गता भएका व्यक्ति
- सशस्त्र द्वन्द्वबाट पिडित व्यक्ति

लोकसेवा साथी

नेपालमा निशुल्क कानूनी सहायता उपलब्ध हुने निकायहरू

नेपालमा निशुल्क कानूनी सहायता प्रदान गर्ने निकायहरू देहाय बमोजिम उल्लेख गरिएको छ ।

- केन्द्रीय कानूनी सहायता समिति
- प्रदेश कानुनी सहायता समिति
- स्थानीय तह (नगरपालिका । गाउँपालिका)
- नेपाल बार एसोसियसन
- सर्वोच्च अदालतको कानूनी सहायता केन्द्र
- अन्य कानूनी संघ संस्था

सेवा प्राप्त गर्ने तरिका

- सम्बन्धित समिति वा निकायमा आवेदन दिने
- नागरिकता, आर्थिक अवस्था र मुद्दासम्बन्धी प्रमाण संकलन गर्ने
- समितिको मूल्याङ्कनपछि योग्य ठहर भएमा निशुल्क कानूनी सहायता प्राप्त गर्ने

लोकसेवा साथी

अन्त्यमा,

निशुल्क कानूनी सहायता सबैलाई न्यायको पहुँच पुर्‍याउने उपाय हो र कमजोर, अपाङ्ग, महिला बालबालिका र जेष्ठ नागरिकलाई प्राथमिकतामा राखिन्छ।

प्रश्न नं. १२ को उत्तर

दरपीठ

कानून बमोजिम रीत नपुगेका वा दर्ता गर्न नमिल्ने लिखतलाई सो को आधार र कारण खुलाई अधिकार प्राप्त अधिकारीले सोही पृष्ठमा, अन्य कुनै भाग वा अन्य कागजमा हस्ताक्षर गरी दर्ता गर्न इन्कार गर्ने कार्यलाई दरपीठ भनिन्छ।

- अधिकार प्राप्त अधिकारीले मात्र दरपीठ गर्न सक्छ। दरपीठ उपर एक तह माथि निवेदन दिन सकिन्छ।

लोकसेवा साथी

दरपीठ गर्न सकिने अवस्था

देहायको अवस्थामा कुनै लिखतलाई दरपीठ गर्न सकिनेछ।

- हदम्याद नाघेको
- हकदैया नभएको
- अदालतको क्षेत्राधिकार भित्र नपर्ने
- कानुन विपरित भएको
- तोकिएको ढाँचामा नभएको
- सच्याउने अवधि दिएकोमा सो समयमा नआएको
- नाम, थर, ठेगाना, सम्पर्क आदि मध्ये कुनै एक वा सबै छुटेएको
- साक्षि नराखेको
- अन्तिममा हस्ताक्षर नगरेको
- अदालतले हेर्न नहुने भनि तोकेको
- अन्य रीत पुरा नगरेको

अन्त्यमा,

दर्ता गर्न नसकिने लिखतलाई दरपीठ गरिएन भने यसले न्यायिक प्रक्रियामा ठुलो असर गर्दछ। त्यसैले दर्ता गर्न नमिल्ने अवस्थामा दरपीठ गरिनुपर्दछ।

लोकसेवा साथी

प्रश्न नं. १३ को उत्तर

<u>सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र</u>

नागरिकका मौलिक अधिकारको संरक्षण गर्न तथा संविधान र कानून विपरितका कार्यलाई अमान्य ठहर गर्न सर्वोच्च अदालतलाई दिएको विशेष अधिकारलाई सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र भनिन्छ।

→ यसले राज्यका निकाय वा पदाधिकारीहरूलाई कानूनी दायरा भित्र राखेर संविधानको सर्वोच्चता कायम राख्छ।

→ असाधारण अधिकार क्षेत्र सर्वोच्च अदालतलाई दिइएको एक विशेष संवैधानिक शक्ति हो, जसले नागरिकलाई प्रत्यक्ष न्याय प्राप्ति सुनिश्चित गर्दछ।

सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रहरू देहाय बमोजिम उल्लेख गरिएको छ।

- <u>बन्दी प्रत्यक्षीकरण</u> : गैर कानुनी रूपमा थुनामा राखेकालाई मुक्त गर्ने आदेश

• परमादेश :- कानूनद्वारा तोकिए बमोजिम गर्नु । गराउनु भनि दिइएको आदेश

• उत्प्रेषण :- कानून बमोजिम भईसकेको काम बदर गर्न दिएको आदेश

• प्रतिषेध :- कानून विपरित हुन लागेको वा भइरहेको काम रोक्न दिएको आदेश

• अधिकारपृच्छा :- कानुनी प्रकिया विपरित पदमा बसेकोमा पदबाट हटन दिने आदेश

• न्यायिक पुनरावलोक

• सार्वजनिक सुनुवाइको मुद्दा आदि

अन्त्यमा,

वर्तमान संविधानले असाधारण अधिकार मार्फत आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको छ।

लोकसेवा यात्री

प्रश्न नं. १४ को उत्तर

जाहेरी दरखास्त

- फौजदारी मुद्दामा कुनै वारदात वा घटनाको बारेमा पहिलो सूचना वा जानकारी दिन पेश गरिने दरखास्त नै जाहेरी दरखास्त हो।
- कुनै पनि अपराधको सम्बन्धमा आफूलाई जानकारी भए सम्मको विवरण खुलाई लिखित, मौखिक वा विद्युतीय रूपमा नजिकको प्रहरी वा अनुसन्धान अधिकारी लाई दिने पहिलो जानकारीलाई नै अपराधको सूचना वा जाहेरी दरखास्त भनिन्छ।
- जाहेरी दरखास्त प्राप्त भएपछि मात्र कुनै पनि अपराधको औपचारिक रूपमा अनुसन्धान सुरु हुन्छ।
- अपराधको सूचना प्रहरी आफैले थाहा पाएमा प्रहरी प्रतिवेदनको रूपमा दर्ता गरिन्छ।

लोकसेवा सारथी

प्रहरीले जोहेरी दरखास्त लिन इन्कार गरेमा त्यसको उपचार

यदि सम्बन्धित प्रहरी कार्यालयले जोहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा त्यसको उपचारको लागि देहाय बमोजिम गर्नुपर्दछ।

- जोहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा जोहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जोहेरी दरखास्त वा सूचना दर्ता गर्नुपर्ने कार्यालय भन्दा माथिल्लो तहको कार्यालयमा जोहेरी दरखास्त वा सूचना सहित उजुरी दिन सक्नेछ।
- मुलुकी अपराध संहिताको अनुसूची-२ बमोजिमको कसुर सम्बन्धित प्रहरी कार्यालय वा सरकारी वकिल कार्यालयले दर्ता गर्न नमानेमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी

लोकसेवा साथी

सक्नेछ ।

तर,

प्रमुख जिल्ला अधिकारी नै अनुसन्धान अधिकारी तोकिएको रहेछ र निजले त्यस्तो सूचना दर्ता गर्न इन्कार गरेमा गृह मन्त्रालयमा त्यस्तो उजुरी दिन सकिनेछ ।

५. उजुरी प्राप्त भएमा प्र.जि.अ. वा गृह मन्त्रालयले तीन दिन भित्र सूचना दर्ता गर्ने वा नगर्ने निर्णय गरी सम्बन्धित कार्यालयलाई सो बमोजिम गर्न गराउन निर्देशन दिनुपर्नेछ ।

अन्त्यमा

सम्बन्धित प्रहरी कार्यालयले जाहेरी दर्ता गर्न इन्कार गरेमा कानून बमोजिम त्यसको उपचार पाउन सकिन्छ ।

लोकसेवा साथी